११६५-६८६

राष्ट्रिय सूचना आयोगको
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरण कुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

# आदेश

मु.नं. ३८१/२०७१/०७२
निर्णय नं. ७८७

जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं. २२ बस्ने सुरजसिंह ठाकुर............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगञ्ज, बाँके......................१ विपक्षी
सूचना अधिकारी, मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगञ्ज, बाँके ..................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं. २२ बस्ने सुरजसिंह ठाकुरले मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगञ्ज, बाँकेले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७२।०१।२० मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७२।०४।२९ गते आदेशको कार्यान्वयन सम्बन्धमा यस आयोगको मिति २०७२।०४।२९ च.नं. २० को पत्रबाट मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगञ्ज, बाँकेलाई पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्बवत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम्